वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक








## निर्माणाधिन चारलेनको सिग्नेचर पुल

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको दमौलीस्थित मादी नदी माथी निर्माणाधिन चारलेनको सिग्नेचर पुल । गत भदौ २१ गते तीन वर्षे ठेक्का सम्फौता सकिए पनि यस पुलको भौतिक प्रगति ७२ प्रतिशतको हाराहारी रहेको छ भने अगामी असार १९ गतेसम्मका लागि म्याद थपको प्रक्रिया अगाडि बढाइएको छ।
छ वटा स्पानको उक्त पुल ३१५ मिटर लामो हुनेछ । करिब एक अर्ब २१ करोड रूपैयाँ लागतमा 'आर्क डिजाइन'मा बन्ने यो पुल पृथ्वी राजमार्गकै सबैभन्दा लामो चार लेनको पुल हुनेछ ।
सडक विस्तार र पुल निर्माणमा भइरहेको ढिलाइका कारण पृथ्वी राजमार्गको स्तरोन्नति कार्यमा अपेक्षित सुधार हुन सकेको छैन । यो पुल निर्माणसंगै सडकको भौतिक संरचना मात्र होइन, पोखरा-तनहुँ क्षेत्रको पर्यटन र यातायात दुवै क्षेत्रमा नयाँ पहिचान थपिने अपेक्षा गरिएको छ ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# आगजनीबाट ध्वस्त बनेको तनहुँ अदालतले मंसिर १ गतेदेखि पेसी तोक्ने तयारी

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

जेनजी पुस्तको प्रदर्शनका क्रममा गत भदौ २४ मा प्रदर्शनकारीको आगजनीबाट ध्वस्त बनेको तनहुँ जिल्ला अदालतले आगामि मंसिर १ देखि पेसी तोक्ने तयारी गरेको छ ।

अदालतले आगजनीको तीन बन्दीप्रत्यक्षीकरण र विवाह दर्तालगायतका कार्य संचालनमा ल्याएको थियो । 'हाल आंशिक सेवा दिइरहेका छौं । बस्ने कुर्सी छैन, टेबल छैन, कम्प्युटर र प्रिन्टर छैन, यस्तो अवस्थामा सहज सेवा प्रवाह सम्भव भएको छैन', अदालतका स्रेस्तेदार नन्दप्रसाद आचार्यले भने । भएको छ । तीन इजलास कक्षमध्ये दुई वटा जलेर प्रयोगयोग्य छैनन्। एउटा इजलासबाट काम सञ्चालन गर्ने तयारी भइरहेको छ ।'

आगलागीबाट २०६४ मंसिर २९ गतेदेखि २०६९ असार १७ गतेसम्मका फैसला भएका मिसिल जलेर पूर्णरूपमा नष्ट भएको अदालतले जनाएको छ । यस्तै, गर्ने प्रयास गरिरहेको स्रेस्तेदार आचार्यले जनाए । उनले भने, 'यसका लागि जिल्ला प्रहरी, मुद्दाका पक्षहरु र सरोकारवाला निकायसँग समन्वय गरी कागजात प्रमाणीकरण गरेर मात्र कार्य अघि बढाउने तयारी गरिएको छ ।' ती मुद्दाका पक्षहरूलाई आफ्नो मुद्दाको प्रतिलिपि ल्याउन सूचना जारी गरिएको उनले बताए । उनका अनुसार हालसम्म करिब ७० प्रतिशत कागजात संकलनको काम भइसकेको छ । सर्वोच्च अदालतले जारी गरेको नयाँ निर्देशिकाअनुसार केही समय थप्नुपर्ने हुनसक्ने र मंसिर १ गतेबाट पेसी सञ्चालन गर्ने अदालतले तयारी गरेको छ । यस्तै, आगलागीपछि भौतिक संरचना पूर्णरुपमा क्षतिग्रस्त बन्दा सेवा प्रवाहमा सहजता आउन नसकेको अदालतले जनाएको छ। जलेको कार्यालयका प्राविधिकहरूले अध्ययन गरी सकेको र कार्यालय पुनः प्रयोग गर्न मिल्ने वा नमिल्ने भन्ने विषय प्राविधिकको रिपोर्ट आएपछि मात्र जानकारी हुने अदालतले जनाएको छ ।



आगजानीबाट सुरक्षित रहेको कोठाबाट अदालतको सेवा लिंदै सेवाग्राही । *तस्विर : भञ्ज्याङ*

दिनपछि भदौ २९ बाट आंशिक सेवा सुचारू गरेको थियो । आगजनीबाट सम्पूर्ण मिसिल, अभिलेख, कम्प्युटर, फर्निचर र अन्य कार्यालय सामग्री पूर्णरुपमा जलेर नष्ट भएपछि अदालतले अत्यावश्यक सेवा मात्रै सञ्चालनमा ल्याएको थियो ।

अदालतले हस्तलिखित सूचना जारी गर्दै मिलापत्र, नाता कायम, अभियोग, पक्राउ पुर्जी अनुमति तथा म्याद थपसम्बन्धी मुद्दा, विभिन्न संघसंस्था तथा व्यक्तिबाट प्राप्त केही थान कम्प्यूटर, प्रिन्टर, टेबुल, कुर्चीलगायतका सामग्रीको जोहो गरी अदालतले सेवा प्रवाह बढाउँदै आएको छ । 'आगलागीका कारण अदालतका सबै मिसिल र अभिलेख जलेर खरानी भएका छन्', स्रेस्तेदार आचार्यले भने, 'एक हजार २६ बढी चालु मुद्दा र १ हजार ६११ थान अभिलेख पूर्णरुपमा नष्ट भएका छन् । अदालतको हार्डडिस्क चोरी अदालतमा दर्ता भई फैसला नभएका सबै मुद्दा जलेका छन् । हाल अदालतले चालु अवस्थामा रहेका मुद्दाका मिसिल पुनःसंरचना


भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# ब्यासले ठेक्का नलागेका नदीको घाट १० प्रतिशत घटाएर पुनः टेन्डर आव्हान गर्ने

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाले ठेक्का नलागेका नदीको घाट १० प्रतिशत घटाएर पुनः टेन्डर आव्हान गर्ने भएको छ। नगर कार्यापालिकाको आइतबार बसेको बैठकले नगरपालिकाबाट यसअघि दुई पटकसम्म मादी नदी, सेती नदीतर्फको ढुङ्गा, गिटी, बालुवामा ठेक्का आव्हान गरेकोमा टेन्डर परेको थिएन । बैठकले गण्डकी प्रदेश ऐन अनुसार यसअघिको ठेक्का रकममा १० प्रतिशत घटाई टेण्डर प्रकृया अघि बढाउन राजश्व परामर्श समितिको सिफारिसलाई अनुमोदन गरेको छ ।

नगरपालिकाले हालसम्म पुँजीगततर्फ ६.५ प्रतिशत मात्रै बजेट खर्च गर्न सफल भएको छ। कार्यपालिका बैठकमा पेश भएको प्रतिवेदन अनुसार व्यास नगरपालिकाको सञ्चित कोष ४ करोड ५८ लाख ५५ लाख हजार रूपैयाँ ५२ पैसा, संघ तथा प्रदेशबाट प्राप्त २८ करोड ३९ लाख ७७ हजार ९२२ रूपैयाँ र आन्तरिक आयतर्फको ३ अर्ब ५३ करोड ४३ लाख १४४ रूपैयाँ ६२ पैसासमेत गरी कुल आम्दानी ३६ करोड ५१ लख ७६ हजार ७२२ रूपैयाँ १४ पैसा भएकोमा हालसम्म चालुतर्फ २१.९६ प्रतिशत र पूँजीगततर्फ ६.५ प्रतिशत खर्च भएको उल्लेख छ।


"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"
**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३
प्रेस विज्ञप्ति

मितिः २०८२।७।१६

आज मिति २०८२ कार्तिक १६ गते व्यास नगर कार्यपालिकाको २२५ औं बैठक नगर प्रमुख श्री बैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु र प्रतिनिधिहरु, कार्यपालिका सदस्यहरुको उपस्थितिमा मुख्यमुख्य निम्न निर्णयहरु भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

१. व्यास नगर कार्यपालिकाको मिति २०८२।६।२२ गते भएको २२४ औं बैठकको समीक्षा गरियो ।
२. आ.व.२०८२।०८३ को हालसम्मको सेवा प्रवाहसम्बन्धी प्रस्तुत प्रतिवेदन संशोधन सहित पारित गरियो ।
३. व्यास नगरपालिका अनुगमन समितिबाट यसै आर्थिक वर्षमा सम्पन्न, चालु र नयाँ प्रारम्भ गर्नुपर्ने ७ वटा योजनाहरुको अनुगमन गरिएको प्रतिवेदन बैठकमा पेश हुँदा सुझाव सहित पारित गर्ने निर्णय गरियो ।
४. व्यास नगर न्यायिक समितिमा अघिल्लो वर्षमा जिम्मेवारी सरिआएको २८, यसै आर्थिक वर्षमा पर्न आएका १६ उजुरीहरु समेत जम्मा ४४ मध्ये २२ वटा उजुरी फछ्र्यौट गरिएको बैठकमा प्रतिवेदन पेश भई पारित गरियो ।
५. व्यास नगरपालिकाबाट यसअघि २ पटकसम्म भएको मादी नदी, सेती नदीतर्फको ढुङ्गा, गिटी, बालुवामा ठेक्का पर्न नआएकाले गण्डकी प्रदेश ऐन अनुसार यसअघिको ठेक्का रकममा १० प्रतिशत घटाई टेण्डर प्रकृया अघि बढाउन राजश्व परामर्श समितिको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।
६. व्यास नगरपालिकाबाट यसअघि टेण्डर गरिएका रिस्ती आयुर्वेद योगा भवन व्यास ८, बेलटारी सानुदायिक भवन निर्माण व्यास ११, खहरे खोला वडा कार्यालय वस्ती संरक्षण व्यास ८, करंकाठ वसपार्क सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी नियमानुसार पर्न आएका ठेक्का स्वीकृत गर्ने निर्णय गरियो ।
७. व्यास नगरपालिकाको सञ्चित कोष रु.४,५८,५५,६५५।५२, संघ तथा प्रदेशबाट रु.२८,३९,७७,९२२। र आन्तरिक आयमा रु.३,५३,४३,१४४।६२ समेत जम्मा आय रु.३६,५१,७६,७२२।१४ भएकोमा हालसम्म चालुतर्फ २१.९६ प्रतिशत र पूँजीगततर्फ ६.५ प्रतिशत खर्च भएको बैठकमा प्रतिवेदन पेश भई जानकारी प्राप्त गरियो ।
८. निर्माण सम्पन्न भएका वडा नं.८ को कार्यालय भवन, व्यास १० स्थित व्यास नगर अस्पताल भवन, व्यास १ र २ जोड्ने वसपार्क जाने मोटर पुलको सञ्चालन एवं उद्घाटन प्रकिया सम्बन्धित समिति र सम्बन्धित वडासँग समन्वय गरी अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
९. आ.व.२०८२।०८३ को प्रथम सार्वजनिक सुनुवाई व्यास नगरपालिकाको कार्यालय प्राङ्गणमा मिति २०८२।८।५ गते शुक्रवार ठिक ११.३० बजे तेस्रोपक्षबाट गर्ने गरी आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
१०. हालसालै भएको वर्षाबाट व्यास नगर भित्रको धानबाली लगायतमा नोक्सान भएको गुनासो आएकोले तत्काल सात दिनभित्र क्षतिको विवरण सम्बन्धित वडा मार्फत सङ्कलन गर्न कृषि, पशु तथा सहकारी विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।
११. व्यास नगर अन्तर्गत दोस्रो मेयरकप वडास्तरीय पुरुष भलिबल प्रतियोगिता २०८२ कार्तिक २८ र २९ गते सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउन नगर खेलकुद समितिलाई निर्देशन दिने निर्णय गरियो ।
१२. व्यास नगरपालिका अन्तर्गतका संगठन संरचनामा रहेका अस्थायी, करार कर्मचारीको दरबन्दी र मितव्ययीता सम्बन्धमा अध्ययन समितिले तयार गरेको प्रतिवेदन सुशासन समितिमार्फत पेश भई बैठकमा व्यापक छलफल गरियो । हालका जनप्रतिनिधि आउनुअघि नै नियुक्त भएका लामो समयसम्म कार्यरत कर्मचारीहरु कार्यरत रहेको अवस्थामा विद्यमान सरकारको निर्देशनलाई मध्यनजर दिई अब आइन्दा दरबन्दी सृजना नगर्ने, रिक्त स्वीकृत दरबन्दमा प्रदेश लोकसेवा आयोगसँग माग गर्ने र अत्यावश्यक सेवा सञ्चालन गर्न आवश्यक कानुन बमोजिम संगठन संरचना सम्बन्धी सर्वेक्षण प्रतिवेदन २०८२ मार्ग भित्र पेश गर्न कार्यालयलाई निर्देशन दिने र आगामी नगर सभाबाट आवश्यक निर्णय लिने निर्णय गरियो ।

सुरेश थापा
प्रवक्ता एवं वडाध्यक्ष-९

"भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सम्भावित प्रकोपबाट बचौं र बचाऔं"
Phone No. 065-563162/563163, Fax No. 977-65-563233 Email: vyasmunicipality@gmail.com Web:www.vyasmun.gov.np

यस्तै, व्यास नगरपालिकाको करारमा जागिर खाएका ११४ जना कर्मचारीको जागिर जोगिएको छ । कार्यपालिका बैठकले हाल भएका कर्मचारीलाई यथावत् राख्ने निर्णय गरेको हो ।

प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्साल नेतृत्वको समितिले ११४ जना करारका कर्मचारी कटौती गनुपर्ने औंल्याएको थियो। लम्सालको समितिले नगरपालिकाको सुशासन समितिलाई प्रतिवेदन बुझाएको थियो। सुशासन समितिले

बाँकी तेश्रो पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## कुलुङकोट : माटोले बोकेको इतिहास र सम्भावना

तनहुँको पहाडी भूभाग, इतिहासका अनेक तह र सभ्यताको छेउमा बसेको एउटा मौन साक्षी हो- कुलुङकोट। व्यास नगरपालिकाको वडा नं. १४ भित्र पर्ने यो क्षेत्र केवल एउटा भू-भाग होइन, यो हाम्रो इतिहास, संस्कृति र सभ्यताको दस्तावेज हो। दुर्भाग्यवश, यस्ता ऐतिहासिक स्थलहरु राज्यको नीति र स्थानीय प्राथमिकतामा ओझेल परिरहेका छन्। कुलुङकोट पनि त्यही नियतिको शिकार बनेको छ- जहाँ इतिहासको सुगन्ध त पाइन्छ, तर संरक्षणको सुगन्ध हराएको छ। कुलुङकोट तनहुँ जिल्लाको ती ठाउँहरुमध्ये एक हो जसले बाइसी-चौबिसी राज्यकालदेखि नै ऐतिहासिक अध्याय बोकेको मानिन्छ। यहाँ भेटिने पुराना संरचना, धार्मिक परम्परा र स्थानीय लोकसंस्कृतिले यसको प्राचीनता पुष्टि गर्छ। पुरातत्वविद्हरुका दृष्टिले हेर्दा, यो क्षेत्र केवल भौतिक अवशेषको भण्डार मात्र होइन, नेपालको राज्य निर्माण र सांस्कृतिक विकासको मौन गवाही पनि हो। कुलुङकोटको नामाकरण र यसको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा यो सम्भवतः थुमथुमे राज्यको एक प्रशासनिक केन्द्र वा सैनिक चौकीको रुपमा अस्तित्वमा आएको हुनसक्छ।

यहाँका भित्ताहरु, ढुंगाका पर्खाल र मन्दिरका भग्नावशेषहरुले विगतका युद्ध, शासन र धार्मिक क्रियाकलापका कथा बोकेका छन्। कालिकाको पूजा र दशैंको फूलपाती शोभायात्रा यहाँको मौलिक धार्मिक परम्परा हुन्, जसले केवल धार्मिक आस्था मात्र होइन, स्थानीय एकताको प्रतीक पनि जनाउँछन्। भाला, खड्ग, खुकुरीजस्ता प्राचीन युद्ध सामग्रीहरुको संरक्षण अझै पनि स्थानीयको गर्व र इतिहासको प्रमाण बनेको छ। तर, राज्यको ध्यानको कमीले यी सबै परम्पराहरु असुरक्षित र विस्मृतिको जोखिममा छन्। आजको कुलुङकोट प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र ऐतिहासिक गहिराइको संगम हो। यहाँबाट देखिने हिमाली दृश्य, हरियाली, र ग्रामीण जीवनशैली पर्यटकका लागि लोभलाग्दो छन्। तर, पर्यटकीय सम्भावना यति उच्च हुँदाहुँदै पनि यसको प्रचारप्रसार, पहुँच र संरचना विकासमा उदासीनता देखिनु विडम्बनापूर्ण छ। स्थानीयहरुले आ-आफ्नो स्तरमा परम्परा जोगाउने प्रयास गरिरहेका छन्, तर त्यो व्यवस्थित र दीगो स्वरुपमा रुपान्तरण गर्न स्थानीय सरकारको ठोस पहल आवश्यक छ।

कुलुङकोटलाई पर्यटनका नक्सामा स्थापित गर्न तीन पक्षीय प्रयास अनिवार्य देखिन्छ- स्थानीय समुदायको प्रतिबद्धता, सरकारी योजनाको प्राथमिकता र सरोकारवालाको सहकार्य। सडक, खानेपानी, सूचना केन्द्र, शौचालय, तथा होमस्टे जस्ता आधारभूत पूर्वाधार विकास बिना पर्यटक बसाइ लम्ब्याउन सक्दैनन्। स्थानीय संस्कृति, परम्परा र ऐतिहासिक कथा-कहानीसँग जोडिएका थीमेटिक ट्रेल, सांस्कृतिक महोत्सव र गाइड प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्न सके यो क्षेत्र पर्यटकीय दृष्टिले फस्टाउन सक्छ। तर, प्रश्न उठ्छ- के हामी केवल इतिहास पढ्नेमा सीमित हुने कि इतिहास जोगाउने र जीवित राख्ने जिम्मेवारी पनि लिने? राज्यले हरेक जिल्लामा "ऐतिहासिक सम्पदा पहिचान कार्यक्रम" सञ्चालन गरेको भए कुलुङकोटजस्ता स्थलहरु केवल स्मृतिको हिस्सा नभई आर्थिक र सांस्कृतिक पुनर्जागरणको केन्द्र बन्न सक्थे। पर्यटन मन्त्रालय, गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाले संरक्षण-प्रवर्द्धनका नीति तथा बजेटलाई प्राथमिकतामा राखे मात्र यो सम्भव छ । कुलुङकोटको मूल्य केवल विगतसँग सम्बन्धित छैन, यो भविष्यका लागि पनि अत्यन्त महत्त्वपूर्ण छ । यहाँको सांस्कृतिक अध्ययन, लोककथा, पुरातत्वीय अनुसन्धान र शिक्षण केन्द्रको स्थापना मार्फत नयाँ पुस्ताले आफ्नो पहिचान बुझ्ने अवसर पाउँछन्। यो ठाउँलाई 'लिभिङ म्युजियम' (जीवित संग्रहालय)का रुपमा विकास गर्न सकिन्छ, जहाँ इतिहास केवल हेर्ने होइन, बाँच्ने र महसुस गर्ने विषय बनोस्। संरक्षणका नाममा कागजमा सीमित योजनाहरु होइन, स्थानीय कार्ययोजना, सामुदायिक कोष र दीगो पर्यटन मोडल आवश्यक छन्। स्थानीय युवाहरुलाई पर्यटन-मार्गदर्शक, हस्तकला उद्यमी र संस्कृतिका प्रचारकको रुपमा प्रशिक्षित गर्न सके यसले रोजगारी र पहिचान दुवै सुनिश्चित गर्न सक्छ।

नेपालमा अहिले इतिहास र संस्कृति बिस्तारै व्यावसायिक पर्यटनसँग जोडिँदै गएको छ। लुम्बिनी, गोरखा दरबार र पाल्पाको तानसेन जस्तै तनहुँको कुलुङकोट पनि त्यस श्रेणीमा पर्न सक्ने क्षमता बोकेको छ। तर, यो सम्भावना कार्यान्वयनमा ल्याउन नीति र व्यवहारबीचको खाडल हटाउन आवश्यक छ। हामीले बिर्सिनु हुँदैन- इतिहास केवल पुस्तकमै सीमित हुँदा हराउँछ, तर माटोमा बाँचेका स्थलहरुले पुस्तालाई चिनाउँछन्। कुलुङकोट त्यही चिनारीको स्रोत हो। त्यसैले यसलाई जोगाउने जिम्मा केवल नगरपालिकाको होइन, सम्पूर्ण समाजको हो। हामी सबैले बुझ्नुपर्छ- कुलुङकोट केवल ढुंगामाटोको थुप्रो होइन, यो हाम्रो सांस्कृतिक आत्मा र ऐतिहासिक स्मृतिको प्रतीक हो। त्यसैले अब समय आएको छ- कुलुङकोटको पहिचान पुनर्जीवित गर्ने, यसको इतिहासलाई पुस्तक र पत्रिकामात्र होइन, व्यवहार र जीवनमा उतार्ने। कुलुङकोटको संरक्षण र प्रवर्द्धनमा हामी सबैको हात मिल्यो भने, यो केवल तनहुँकै होइन, सम्पूर्ण नेपालकै गौरव बन्न सक्छ।

# छ सय वर्षदेखिको इतिहासको साक्षी झुप्राङकोट

♦ वासुदेव पौडेल

ऐतिहासिक एवं धार्मिक महत्वको झुप्राङकोट मन्दिर जहाँ रहेको शिलालाई प्राचीनकालदेखि देवीका रूपमा पूजाआजा गरिँदै आइएको छ । मन्दिर परिसर क्षेत्रबाट उत्तरपूर्वतर्फ चाँदी जस्तै टलक्क टल्कने माछापुच्छ्रे हिमालसहितको मनोरम हिमशृङ्खला त दक्षिण पश्चिमतर्फ पर्यटन राजधानी पोखराको मुख्यबजार क्षेत्रसहितका दृश्य एकैठाउँबाट नियाल्न सकिने हुँदा यहाँ आउने जो कोही लोभिने गरेका छन्।

नेपालका बाइसेचौबिसे राजाहरूको पालादेखिको इतिहास झुप्राङकोटसँग जोडिनुले पनि यहाँको महिमा र गरिमा अझै बढाएको छ। इतिहासविद् ठाकुरप्रसाद त्रिपाठीका अनुसार १५औँ शताब्दीमा तत्कालीन कास्कीकोटका राजा कुलमण्डन शाहका छोरा विदुरजी शाहलाई झुप्राङकोटको मुख्तियारी दिइएको थियो। देब्रे शाहका रूपमा चिनिने उहाँ रूपमा समेत रहेको जानकारी दिनुभयो । मनले चिताएको पुग्ने विश्वासका साथ यस आसपासका गाउँबाट सर्वसाधारण यहाँ श्रद्धाभक्तिपूर्वक पूजाआजाका लागि जाने गरेका छन् । यस क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिबाट औषधि तयार गरी तत्कालीन अन्य राज्यमा पुऱ्याइने गरेको र यहाँको औषधि दिल्लीका सम्राटको दरबारमा पुग्ने गरेको किंवदन्ती रहेको उहाँले जानकारी दिनुभयो ।

ऐतिहासिक एवं पुरातात्विक महत्वका यस्ता कोटको संरक्षण अपरिहार्य भएको पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत रमेशराज पौडेल बताउनुहुन्छ । यस्ता ऐतिहासक सम्पदाको संरक्षणका लागि सरोकारवाला सबैको समन्वय हुनपर्नेमा उहाँले जोड दिनुभयो । साविक अर्मला-४ मा रहेको यो ठाउँ हाल पोखरा महानगरपालिका-१६ को उत्तरी क्षेत्रमा रहेको छ। यो स्थल समुन्द्री सतहबाट दुई हजार ३०० मिटरको उचाइमा रहेको छ । यहाँको पर्यटकीय विकासका लागि चरणबद्ध रूपमा विभिन्न प्रयास भएका छन् । विसं २०७४ मा गर्लाङ र आसपासका क्षेत्रको पर्यटकीय विकासलाई लक्षित गरी यससँग जोडिएका झुप्राङकोटलगायत स्थानलाई समेटेर अघि बढ्ने प्रयास गरिएको झुप्राङकोट बहुउद्देश्यीय विकास समितिका अध्यक्ष तीर्थ गुरूङले जानकारी दिनुभयो ।



समयसमयमा त्यहाँ गएर बस्ने गरेको पाइन्छ । विदुरजी शाह पछि त्यहाँको मुख्तियारी आचार्य तथा गुरूङहरूलाई दिइएको थियो । यी विषयलाई आफ्नो पुस्तक नेपाल एकीकरणको जग कास्की राज्यको इतिहासमा लिपिबद्ध गरिएको उहाँले जानकारी दिनुभयो ।

एउटा किंवदन्तीअनुसार उक्त स्थानमा प्राचीनकालमा दुई जना झुमा बसेर सिद्धी प्राप्त भएकाले यस ठाउँलाई झुमाकोट हुँदै झुप्राङकोट भनिएको हो । त्यस्तै अर्को किंवदन्तीअनुसार झोमा नाम गरेका व्यक्तिले यहाँको मुख्तियारी पाएर बसेको र झोमा कोट हुँदै झुप्राङकोट भनिएको उल्लेख छ। तत्कालीन कास्की राज्यको सुरक्षाका लागि पनि यो विशेष महत्वको रहेको बताउँदै त्रिपाठीले त्यस बेलाका लमजुङ राज्यलगायतबाट हुनसक्ने सुरक्षा खतरालाई रोक्नका लागि पनि यो कोट बनाइको हुनसक्ने उहाँले बताउनुभयो । यहाँ नजिकै रहेका सैनिकको परेड खेल्ने मैदान, बङ्कर आदिले यहाँको इतिहासलाई थप प्रष्ट पार्ने उहाँको भनाइ छ ।

धार्मिक महत्वको यस कोटका लागि विभिन्न जातजाति र जिम्मेवारीअनुसार गुठी जग्गाको व्यवस्था गरिएको बताउँदै उहाँले यो यस क्षेत्रकै महत्वपूर्ण शक्तिपीठका

उहाँका अनुसार त्यसयता यहाँको विकासका लागि चरणबद्ध प्रयास भएका छन् । यो समिति समाज कल्याण परिषद्मा दर्ता भई कार्य गर्दै आएको छ । "हामी यस क्षेत्रको समग्र पर्यटन प्रवर्द्धन र विकासका लागि निरन्तर लागिरहेका छौँ", उहाँले भन्नुभयो, "प्रचुर पर्यटकीय सम्भावना भएर पनि यहाँ सम्भावनालाई उजागर गर्न नसकिएका अवस्थामा यसको प्रवर्द्धन र विकासले पर्यटनमा धेरै उपलब्धि हासिल हुनसक्ने हाम्रो विश्वास छ ।"

झुप्राङकोट धेरै पर्यटकीय सम्भावना बोकेको क्षेत्र भएकाले सबैको सकारात्मक सोच र प्रयासबाट यहाँको पर्यटकीय उपयोग गर्न सकिने अर्का समाजसेवी केशरबहादुर गुरूङको भनाइ छ । प्राकृतिक दृश्यावलोकनसँगै यस क्षेत्रलाई पदयात्रा पर्यटनसँग जोड्नसकेमा त्यसले झुप्राङकोटसँगै आसपासका गन्तव्यको प्रवर्द्धन र विकासमा पनि विशेष टेवा पुग्ने पर्यटन अभियन्ता टङ्क सुवेदीले बताउनुभयो । पछिल्लो समयमा यहाँको पर्यटकीय सम्भावनालाई उजागर गर्नका लागि स्थानीय जागरूकतासँगै पर्यटन सम्बद्ध निकायको साथ र सहयोग बढिरहेको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार झुप्राङकोट जाने सिँढीबाटोका लागि गत वर्ष गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयबाट रू १० लाख विनियोजन भई काम सम्पन्न भइसकेको छ । यस बजेटबाट यहाँस्थित थलाए गौँडाबाट द्वारेगौँडा र कैले पहराबाट झुप्राङकोटसम्म कूल ७०० सिँढी राखिएको छ । यस आर्थिक वर्षमा पनि यहाँका लागि विभिन्न निकायबाट बजेट विनियोजन भएको जानकारी दिँदै सुवेदीले पदमार्ग निर्माणका लागि नेपाल पर्यटन बोर्डबाट रू २० लाख र उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशबाट रू १० लाख विनियोजन भएको छ ।

त्यस्तै यहाँको विस्तृत गुरूयोजना निर्माणका लागि पोखरा महानगरपालिकाले रू १६ लाख विनियोजन गरेको छ भने पुरातात्विक अध्ययनका लागि पुरातत्व विभागले रू चार लाख विनियोजन गरेको सुवेदीले जानकारी दिनुभयो । यहाँबाट नागीडाँडा, ताराहिल टप, सिक्लेस, कपुचे लेक हुँदै ताङतिङसम्म पदयात्रा गर्न सकिने जानकारी दिँदै उहाँले पहिलो दिन झुप्राङकोट बेस क्याम्पमा, दोस्रो दिन नागिडाँडा क्षेत्रमा, तेस्रो दिन सिक्लेस र चौथो दिन ताङतिङमा बास बस्न सकिने बताउनुभयो ।

यसअघि २०७८ साल पुसमा यहाँका घार्मी ढिकीडाँडा झुप्राङकोटलगायत स्थानलाई समेटेर एकदिने पदयात्रा प्रवर्द्धन कार्यक्रम गरिएको घार्मी डिकीडाँडा झुप्राङकोट नागीडाँडा सिक्लेश पर्यटन पदमार्ग तथा स्थानीय पर्यटन समितिका अध्यक्ष वासुदेव तिमिल्सनाले जानकारी

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
आर्थिक लाभको सम्भावना, पारिवारिक सहकार्यले ठूला काम सम्पन्न, नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो ।

**वृष**
व्यवसायमा मन्दी देखिए पनि साझेदारीमा गरिएको कामबाट फाइदा मिल्न सक्छ। मनोबल उच्च राख्नुहोस्।

**मिथुन**
प्रेम सम्बन्धमा सुधार आउनेछ। मित्रहरुसँगको सहकार्यबाट फाइदा हुनेछ। पढाइलेखाइमा मन जानेछ।

**कर्कट**
घरपरिवारमा सानो मतभेद आउन सक्छ। भावनामा बग्नुभन्दा यथार्थमा टिकेर निर्णय लिनु उपयुक्त हुन्छ।

**सिंह**
यात्राको योग देखिन्छ । शुभ सूचना प्राप्त हुनेछ । सम्मान प्राप्त हुने सम्भावना पनि देखिएको छ ।

**कन्य**
सञ्चारमा सुधार हुनेछ। आर्थिक विषयमा सतर्क र हनुहोस्। परिश्रम अनुसार उपलब्धि पाउनुहुनेछ।

**तुला**
पारिवारिक वातावरण सुखद रहला । नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा दिन सक्छ ।

**वृश्चिक**
श्रम अनुसार फल पाइने समय हो। बोली र व्यवहारमा संयमता अपनाउनु लाभदायक हुनेछ।

**धनु**
सृजनात्मक काममा रूचि बढ्नेछ। पुराना समस्याको समाधान हुने सम्भावना छ। आत्मबल उच्च रहन्छ।

**मकर**
नयाँ योजनाको प्रारम्भका लागि अनुकूल समय हो। अरुको कुरामा ध्यान नदिई आफ्ना लक्ष्यमा केन्द्रित हुनुहोस् ।

**कुम्भ**
पुराना साथी भेटिने सम्भावना छ । नयाँ काममा हात हाल्नुअघि अनुसन्धान गर्नु उचित हुनेछ ।

**मीन**
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ । सामाजिक काममा संलग्न हुने अवसर आउन सक्छ ।

# खुला सिमाना हुँदा सुरक्षा चुनौती

हेमन्त केसी/सुर्खेत

गत मंगलबारदेखि परेको हिमपातका कारण डोल्पामा रहेको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा सुरक्षा गस्ती गर्न समस्या भएको छ। कात्तिक लागेसँगै चिसो बढ्नुका साथै हिमपात भएपछि सुरक्षाका लागि खटिएका नेपाली सेना तथा निकुञ्जका कर्मचारीलाई समस्या भएको हो। उच्च भाग भएका कारण सधैं चिसो नै मौसम हुने गर्दछ । छ महिना माथिल्लो भाग र छ महिना सुलिगाडमा बस्दै आएको निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाले यो पटक छिटो हिमपात भएको बताएको छ । हिमपात भए पनि पर्यटक माथिल्लो भागमा रहेका कारण उद्धार तथा अन्य सुरक्षाका काम हुने भएकाले फोक्सुण्डो ताल नजिकै रहेको निकुञ्जको सुरक्षामा खटिएको नेपाली सेनाले जानकारी दिएको छ ।

निकुञ्ज रहेका क्षेत्रमा अग्ला हिमाल हुनुका साथै १२ महिना हिउँले ढाक्ने क्षेत्रसमेत रहेका छन्। चिसो तथा हिमपातले गर्दा स्थानीयवासीलाई सास्ती हुने गरेको छ । निकुञ्जभित्र २५ वटा गाउँ रहेका रहेका छन् । देशकै सबैभन्दा ठूलो यो निकुञ्जमा सबैभन्दा बढी हिउँ चितुवा पाइन्छ । निकुञ्जलेसमेत चिसो तथा हिमपातको समयमा निकुञ्जमा रहेका वन्यजन्तुको सुरक्षाका लागि विशेष पहल गर्दै आएको छ। चिसो मौसममा उपल्लो डोल्पाका अधिकांश स्थानीयवासी तल्लो क्षेत्रतीर चिसो छल्ने आउने गरेका छन् ।

चिसोमा फाइदा उठाएर चोरी निकासी गर्ने कार्यलाई रोक्न विशेष संयन्त्र परिचालन गरिएको निकुञ्जका निमित्त प्रमुख किशोरकुमार महतले जानकारी दिनुभयो । चिसोको समयमा पलममा रहेको पोष्टबाट रिग्मो, सन्दुवालगायत ठाउँमा सुरक्षा गस्ती हुने गरेर व्यवस्थापन गरिएको प्रमुख संरक्षण अधिकृत नुरेन्द्र आर्यालले जानकारी दिनुभयो। उता शे-फोक्सुण्डो गाउँपालिका-८ का वडाध्यक्ष निमा लामाले निकुञ्जको सुरक्षाका नाममा कहिलेकाहीँ मात्र माथिल्लो क्षेत्रमा आउने गरेको आरोप लगाउनुभयो । "निकुञ्जको सुरक्षा स्थानीय तथा प्रकृति आफैँले गरेको छ", उहाँले भन्नुभयो, "वर्षमा दुई पटक अनुहार देखाएर निकुञ्जको सुरक्षा हुन सक्दैन। मैले निकुञ्जको टिमलाई यही सल्लाह दिएको छु। पोष्टहरू सबै खाली रहेका छन् । कार्यालय मात्र राखेर कर्मचारीविहीन बनाएर के काम ?"

समुद्र सतहबाट दुई हजार २५० देखि छ हजार ८८३ मिटर उचाइमा पर्ने उक्त निकुञ्ज विश्वमै हिउँ चितुवा धेरै घनत्व भएको निकुञ्ज मानिन्छ। निकुञ्जका संरक्षण अधिकृत आर्यालका अनुसार आजभोलि तस्करी कम भएको छ। निकुञ्ज सुरक्षार्थ बसेको सुम्दो, तोइजुम पोष्टसमेत मुख्य कार्यालय सुलिगाडमा गाभिन्छन्। त्यो समयमा मान्छेको चहलपहल समेत शून्य हुने भएकाले पनि चोरी तस्करीको क्रम कम हुने उहाँको दाबी रहेको छ । यहाँ ताल अवलोकन गर्ने भन्दै निकुञ्जको अनुमतिविना नै सिधै हेलिकप्टरहरू निकुञ्जको मुख्य भू-भागमा बसाल्ने गर्दछन् । यस्तो कार्यले वन्यजन्तु तथा जडीबुटीसमेत तस्करी हुनसक्ने खतरा बढिरहेको स्थानीयवासीको आरोप छ ।

कोर एरिया बाहिर निकुञ्जको मुख्य कार्यालय छ । सेनाको गुल्म कोर एरियामा स्थापित छ । तर पनि निकुञ्जको तल्लो दक्षिणी सिमानामा यी कार्यालय रहेका छन्। संरक्षित वन्यजन्तु, जडीबुटी तथा प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदा दूरीका हिसाबमा निकुञ्ज र सेनादेखि टाढा रहेका छन् । यस्तो बाध्यताले पनि विविधताको संरक्षण सोचेअनुरूप गर्न नसकिएको स्थानीयवासीको भनाइ रहेको छ । द्वन्द्वकालमा निकुञ्जको मुख्य कार्यालय साविकको फोक्सुन्डो गाविसको 'पलम'मा थियो । कार्यालय सञ्चालका लागि चार वटा आधुनिक भवन बनाइएका थिए । निकुञ्जको मुख्य कार्यालय नै मध्यविन्दुमा पर्ने भएपछि निकुञ्जको सुरक्षा व्यवस्था कडाइ गर्न सहज भएको थियो । हत्तपत्त तस्करको निशाना पनि पर्ने सक्दैनथ्यो। जैविक विविधता संरक्षणमा प्रभावकारी कामकाज भएको थियो । द्वन्द्वकालमा कार्यालय भत्किएपछि तीन वर्ष विस्थापित अवस्थामा निकुञ्जको कामकाज भयो । त्यसपछि मुख्य कार्यालय नै सुलिगाडमा सरेको थियो । सुलिगाडमा निकुञ्जको मुख्य कार्यालय तथा सेनाको गुल्म छ । निकुञ्जको सबै भू-भाग उत्तरीक्षेत्रमा पर्ने र मुख्य कार्यालय नै कोर एरिया बाहिर पर्ने भएकाले सुरक्षा व्यवस्थामा चुनौती खडा भएको छ।

डोल्पालीको आर्यआर्जनसँग जोडिएको यार्सागुम्बा संकलनकर्ताका विभिन्न क्रियाकलापले अस्तित्व खतरामा परेको कार्यालय बताउँछ। जबसम्म यार्सागुम्बा सङ्कलन कम हुँदैन तबसम्म आपराधिक चहलखेल बढ्ने निकुञ्जको दाबी छ। निकुञ्जभित्रको मानव आवासका कारण पनि संरक्षण सम्वर्द्धनमा कठिनाइ भएको कार्यालयको ठहर छ । सूचना पार्टी नहुँदा अन्योलमा पर्यटक निकुञ्जसम्म पुग्ने बाटो तथा पुलहरू जीर्ण छन्। जसले पर्यटकलाई सास्ती हुने गरेको छ । प्रत्येक वर्ष निकुञ्जमा करोडौं बजेट आउने गरे पनि संरचना भने जेनतेन छन् ।

बाटोमा विभिन्न स्थानको सूचना दिने सूचनापार्टी नहुँदा पर्यटकसमेत अन्योलमा पर्ने गरेको फोक्सुन्डो पुगेका पत्रकार पेसल आचार्य बताउनुहुन्छ । बारम्बार ठाउँठाउँमा सूचनापार्टी राख्ने गरे पनि यार्सागुम्बा सङ्कलन गर्न गएकाले काटेर दाउराका रूपमा प्रयोग गर्ने गरेको निकुञ्जको भनाइ छ । शे-फोक्सुन्डो ताल, फोक्सुन्डो सुलिगाड झरना, शे गुम्बा, त्रिपुरासुन्दरी मन्दिर यहाँको मुख्य आकर्षण छन् भने हिउँचितुवा, हिमाली भालु, कस्तुरी, नावर दुलर्भ संरक्षित वन्यजन्तु रहेका छन् । यार्सागुम्बा, जटामसी, पाँचऔंले यहाँका बहुमूल्य जडीबुटी हुन् ।

शे-फोक्सुण्डो नेपालको सवैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज हो । डोल्पा र मुगु जिल्लामा फैलिएको छ । नेपालको पश्चिमी दुर्गम हिमालपार क्षेत्रमा रहेको यस निकुञ्जमा तिब्बती वातावरणमा पाइने प्राकृतिक सम्पदा पाइन्छ । यहाँ तल्लो हिमाली क्षेत्रदेखि लिएर उच्च हिमाली र हिमालपारि क्षेत्रको तिब्बती भूमिसम्मको भू-धरातल भएकाले हिउँचितुवा, तिब्बती खरायो, चिरू, तिब्बती गधा, नाउर लगायत हिमाली क्षेत्रमा पाइने वन्यजन्तु पाइने निकुञ्जले जनाएको छ । निकुञ्जलाई डाँफे, मोनाल, चिर लगायत २०० प्रजाति पन्छीहरु, छ प्रजातिका सरिसृप र ३२ प्रजातिका पुतलीले जैविक विविधतामा अझ धनी बनाइएको निमित्त प्रमुख महतको भनाइ रहेको छ । यहाँ पाइने हिउँचितुवाको आहारविहारबारे वैज्ञानिक अनुसन्धानको नतिजाले यो निकुञ्ज हिउँ चितुवाका लागि सबैभन्दा उपयुक्त बासस्थान प्रमाणित भएको उहाँले जानकारी दिनुभयो ।

छ हजार ८६६ मिटर अग्लो काञ्जीरोवा दक्षिण, छ हजार ५५६ मिटर अग्लो सिकाल्पो खाङ, सात हजार १३९ मिटर अग्लो वेज चुचुरोजस्ता हिमशिखरहरु रहेको निकुञ्जले जनाएको छ । दर्जन बढी हिमनदीहरुले यस निकुञ्जलाई अनुपम प्राकृतिक सुन्दरता प्रदान गरेको निमित्त प्रमुख महतले जानकारी दिनुभयो । निकुञ्जको लगभग मध्यभागमा रहेको नेपालको सबैभन्दा गहिरो फोक्सुण्डो ताललाई सन् २००७ मा रामसारमा सूचीकृत गरिएको छ। ११औं शताब्दीमा निर्मित शे गुम्बाको यही छ । गुम्बामा तिब्बती बौद्ध धर्मको शिक्षा दिइन्छ । यो राष्ट्रिय निकुञ्जलाई विश्वसम्पदा सूचीमा राख्न सिफारिस गरिएको छ। विविधतायुक्त निकुञ्ज तथा उपल्लो डोल्पा भएका कारण यहाँ पर्यटकहरू संख्या अत्यधिक हुने गर्दछ । पाँच वर्षको अन्तरालमा १९ हजारभन्दा बढी पर्यटक यहाँ घुम्न आएको निकुञ्जसँग तथ्याङ्क रहेको छ ।

छिमेकी मुलुक चीनको तिब्बतसँग जोडिएका कारण डोल्पालाई विशेष महत्वका साथ हेर्ने गरिन्छ । हालसम्म यहाँ सीमासुरक्षाका लागि कुनै पनि व्यवस्था गरिएको छैन । खुला सिमाना भएकाले चोरी, निकासीको त्रास बढिरहेको छ। वर्षमा एकपटक १५ दिनका लागि हाटबजारका लागि सीमा खुला गरिए पनि औपचारिक जानकारी दिए पनि अधिकांश समय यहाँ नेपालतर्फ कुनै पनि सुरक्षा जाँचचौकी नहुँदा खुला रहने गरेको छ। मरिम यहाँको प्रमुख नाका हो । धेरै अग्ला हिमाल काटेर चीनतर्फ जाने गरिन्छ । उपल्लो डोल्पामा स्थानीयवासीको चीनको तिब्बतसँग रहनसहन तथा भाषा मिल्ने भएकाले आउन जानसमेत सहज रहँदै आएको छ । उपल्लो डोल्पामा रहेको खुला नाकामा सुरक्षा व्यवस्था गरी सुरक्षाको प्रत्यभूति गराउन पटकपटक माग गरिएको भए पनि सुनुवाइ नभएको प्रदेशसभा सदस्य वीरबहादुर शाहीले जानकारी दिनुभयो । उपल्लो डोल्पामा तीन पालिका रहेका छन् । रासस

## व्यासले ठेक्का नलागेका ...........

कार्यपालिका बैठकमा पेश गऱ्यो । तर, कार्यपालिका बैठकले हालका कर्मचारी यथावत् राखेर नयाँ भर्ना नगर्ने निर्णय गरेको छ । जेन-जी आन्दोलनपछि व्यासमा कर्मचारीको दरबन्दी कटौती गर्ने भन्दै अध्ययन गरिएको थियो ।

नगरपालिकालाई आवश्यक स्वीकृत दरबन्दीका कर्मचारी प्रदेश लोक सेवा आयोगसँग माग गर्ने निर्णय भएको प्रवक्ता सुरेश थापाले बताए । 'व्यास नगरपालिका अन्तर्गतका संगठन संरचनामा रहेका अस्थायी, करार कर्मचारीको दरबन्दी र मितव्ययीता सम्बन्धमा अध्ययन समितिले तयार गरेको प्रतिवेदन सुशासन समितिमार्फत पेश भई बैठकमा व्यापक छलफल गरियो, उनले भने, 'हालका जनप्रतिनिधि आउनुअघि नै नियुक्त भएका लामो समयसम्म कार्यरत कर्मचारीहरू कार्यरत रहेको अवस्थामा विद्यमान सरकारको निर्देशनलाई मध्यनजर दिई अब आइन्दा दरबन्दी सृजना नगर्ने, रिक्त स्वीकृत दरवन्दमा प्रदेश लोकसेवा आयोगसँग माग गर्ने र अत्यावश्यक सेवा सञ्चालन गर्न आवश्यक कानुन बमोजिम संगठन संरचना सम्बन्धी सर्वेक्षण प्रतिवेदन २०८२ मार्ग भित्र पेश गर्न कार्यालयलाई निर्देशन दिने र आगामी नगर सभाबाट आवश्यक निर्णय लिने निर्णय गरियो ।' यस्तै, हालै आएको बाढीपहिरोका कारण क्षति पुगेका स्थानहरूको पुनर्निर्माणका लागि तत्काल प्रतिवेदन संकलन गरी आवश्यक राहत र सहयोगका कार्यक्रम अघि बढाउने निर्णय कार्यपालिका बैठकले गरेको छ ।

## छ सय वर्षदेखिको .........

दिनुभयो ।

उहाँका अनुसार भुप्राङकोटबाट माछापुच्छ्रे, अन्नपूर्ण, धवलागिरि हिमशृङ्खलासँगै पोखरा उपत्यका, पञ्चासे संरक्षण क्षेत्रका साथै मनोरम प्राकृतिक वातावरण नियाल्न सकिन्छ। प्राचीनकालमा यहाँ थुप्रै गोठ रहे पनि अहिले भने गोठ हराउँदै गएको बताउँदै उहाँले धेरै पर्यटकीय सम्भावना रहेर पनि यसको उजागर हुन नसकेको धारणा राख्नुभयो । विगतमा पनि पोखरालगायत स्थानबाट मानिस बस्ने र खाने खर्चको व्यवस्थापन गरी चित्रा/भकारीको गोठ बनाई यहाँ आएर प्रकृतिसँग रमाउने गरेको उहाँको भनाइ छ । यहाँबाट उत्तरतर्फ हेर्दा माछापुच्छ्रे, अन्नपूर्णलगायत हिमचुचुरा र अन्नपूर्ण हिमालमा धानको रास र पाथीले मानिस निहुरिएर धान भर्दै गरेको दृश्य प्रष्ट रूपमा देखिने बताउँदै उहाँले माथि हिमशिखर तल बुकी क्षेत्रसँगै हरियाली वन जंगलले ढाकिएका कारण पर्यापर्यटनका दृष्टिले पनि यहाँको उत्तिकै महत्व रहेको बताउनुभयो ।

सूर्योदयमा चाँदी झैँ टल्कने र सूर्यास्तमा सुन झैं टल्कने हिमालको दृश्यसँगै यहाँबाट पश्चिमतर्फ माछापुच्छ्रे गाउँपालिकाका भुर्जुङखोला, धिप्राङ, घाचोक, लाहाचोक, ल्वाङ, रिवान, धिताल अस्ताम, एबिसी बेसक्याम्प, अष्ट्रेलियन बेसक्याम्प आदि देख्न सकिन्छ । त्यस्तै, अन्नपूर्ण गाउँपालिकाका ढिकुरपोखरी, लुम्ले, पञ्चासे, कास्कीकोट आदि क्षेत्र पनि एकसाथ अवलोकन गर्न सकिने उहाँले जानकारी दिनुभयो।

दक्षिणतर्फ पोखरा महानगरको मौजा, काहुँ धरहरा, फेवाताल, शान्तिस्तूप, पुम्दीकोट शिव मूर्ति, कान्छीकोट, सराङकोट, पोखराको निर्माणाधीन क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थललगायत क्षेत्रका साथै स्याङ्जाका विभिन्न भागसमेत देख्न सकिन्छ भने पूर्वमा चोकोडाँडा, अर्मलाकोट, तनहुँका भाग तथा लमजुङका हरियाली डाँडाहरु देखिन्छ। हिउँदको समयमा ढकमक्क फुल्ने लालीगुराँस, सेतो फुल्ने चिमलो र अन्य रङ्गीविरङ्गी वासनादार सुगन्धित फूलका बास्ना यहाँका अन्य आकर्षण हुन्। हिउँदमा नै बन सप्सी, कुभिण्डो, मिठीफल, वैशाख/जेठमा गुहेली, ऐँसेलु, चुत्रो, हिउँदमा कुरिलो, वैशाख जेठमा टुसा, निउरो, हलहलेको साग आदि पाउन सकिन्छ । जडीबुटीको खानी यस क्षेत्रमा निरमसी, गुँदरगानो, तोते, सतुवा पखनबेद, बाटुलपाते, दैचाम्लेलगायत जडीबुटी पाइन्छन्।

चरा पर्यटनको पनि प्रचुर सम्भावना रहेको यहाँ यहाँ विभिन्न प्रकारका चराचुरङ्गी पाइन्छन् । यस क्षेत्रमा कालिज, जुरेली, कोकले, भ्याकुर, डाँफे, मुनाल मालुवाका बथान, चिल, काग, काल्चेलगायत चरा पाइन्छ भने वन्यजन्तुमा बाघ, स्याल, चितुवा, घोरल, मृग, झारल, ब्वाँसो, मलसाप्रो आदि पाइन्छन् । पर्यटन अभियन्ता सुवेदीका अनुसार पर्यटकलाई लक्षित गरी अझै विभिन्न पूर्वाधार विकास अपरिहार्य रहेको यस स्थानमा हाल स्थानीय युवा लीलाबहादुर गुरूङले 'टि हाउस' खोल्नुभएको छ। हालका लागि भुप्राङकोट जाने पर्यटकका लागि हर्पाक या गर्लाङमा बस्नुपर्ने बाध्यता छ । गर्लाङ वा हर्पाकबाट आधा घण्टा हिंडेमा आलेबारी पुगिन्छ भने त्यहााबाट करिब डेढ घण्टामा भुप्राङकोट पुग्न सकिन्छ । यहाँ जानका लागि पोखराबाट लामाचौर वा बाटुलेचौर हुँदै अमलाबिसौनी पुग्नुपर्छ । त्यहाँबाट घार्मी, कुरेचौर हुँदै आलेबारीसम्म सवारीसाधनमा पुगी त्यहाँबाट डेढ घण्टामा भुप्राङकोटमा पुग्न सकिने उहाँले जानकारी दिनुभयो । रासस


## अस्पतालको सेवा सम्बन्धी सूचना

जाडो मौसमको सुरूवातसंगै मिति २०८२/०७/१६ गते आईतवारदेखि लागु हुने गरी परिमार्जीत ओपिडी (OPD) समय तालिका निम्न अनुसार रहेको छ ।

**आईतवारदेखि विहीवारसम्म**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउँसो २:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँच समय)**
  विहान ८:३० देखि दिउसो ४:०० बजेसम्म

**शुक्रवार**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउसो १:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँचगर्ने समय)**
  विहान ८:३० देखि दिउसो ३:०० बजेसम्म

**विशेषज्ञ सेवा**

- बालरोग (Pediatrics) कोठा नं. ८, प्रत्येक दिन १०:००देखि३:०० बजेसम्म
- हाडजोनी (Orthopedics) OPD कोठा नं. ३, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००) अपरेशन सेवा: सोमबार, बुधबार, शुक्रवार ।
- प्रशुती तथा स्त्रीरोग (महिला सम्बन्धी) OPD कोठा नं. ११, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००)

**अपरेशन सेवा: सोम, बुध, शुक्रवार**

- सर्जरी (Surgery) अपरेशन सेवा मंगलबार, विहीबार ।
- छाला, यौन तथा कुष्ठरोग (Dermatology) कोठा नं. ४, आईतवारदेखि शुक्रवार १०:०० देखि ३:००

साथै विशेषज्ञ EHS सेवा प्रत्येक दिन २:००बजेदेखि ३:००बजेसम्म हुनेछ
**पुनश्च:** शनिवार र सार्वजनिक विदाका दिनहरूमा ओपिडी बन्द हुनेछ

अस्पताल प्रशासन
**प्रदेश अस्पताल दमौली, तनहुँ**




## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**सम्बन्धित बिरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस**

**कात्तिक २२ गते शनिबार**



**प्रोफेसर डा. जय बहादुर खत्री**
**वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ**
**(Manipal Teaching Hospital, Pokhara)**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरु:**

**१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:**
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

**२. स्नायु (Neurology) सम्बन्धी समस्या:**
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने
- मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

**३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:**
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुन:स्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ कात्तिक १७, सोमबार November 03, 2025



**मादी नदीमा सरसफाइ :** तनहुँको दमौलीस्थित मादी नदीमा हरिबोधनी एकादशीका दिन भएको फोहर सरसफाई गर्दै सामाजिक अभियान्ता सुदीप गफ्फार । शनिबार एकादशी मेला भर्न आएका भक्तजनले व्यास नगरपालिका–३ स्थित सेतीमादी संगमको बगरमा प्लाष्टिकजन्यलगायत अन्य फोहर यत्रतत्र फालेकामा आइतबार बिहानै गफ्फारले सफा गरेका हुन् । *तस्विर : भञ्ज्याङ*

# पदयात्रीको रोजाइमा 'देवचुलीडाँडा'

**रासस**/नवलपरासी

पछिल्लो समय देवचुली नगरपालिका–६ स्थित 'देवचुलीडाँडा' आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । पदयात्रा गर्न रूचि हुनेहरूको आगमन बढ्नुका साथै देचवुलीडाँडा जिल्लाकै प्रमुख पदयात्राको गन्तव्यसमेत बन्दै गएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको सबैभन्दा अग्लो डाँडाका रूपमा समुद्र सतहदेखि करिब एक हजार ९३६ मिटर उचाइमा पर्दछ । पर्यटकीय क्षेत्र देवचुलीडाँडाबाट सूर्योदयको मनमोहक दृश्य हेर्न आन्तरिक पर्यटक यहाँ आउने गरेका छन्। नवलपुरसहित चितवन आसपासका क्षेत्रबाट पदयात्रामा रूचि राख्नेहरूको अहिले देवचुलीडाँडा रोजाइमा पर्न थालेको देवचुली–६ का वडाध्यक्ष मीनबहादुर सोतीले बताउनुभयो।

उहाँका अनुसार अहिले दैनिक २०–३० जनासम्म आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका छन् । डाँडाबाट बिहान सूर्योदयको सुन्दर दृश्य, उत्तरतर्फका हिमाल, नवलपुर, तनहुँ, पाल्पा र चितवनका भूभाग अवलोकन गर्न पाउँदा आनन्द महसुस गरेको कावासोतीका वसन्त अधिकारीले बताउनुभयो ।

"यहाँबाट उत्तरतर्फ देखिने मनमोहक हिमशृङ्खलाले मन आनन्दित बनाउँछ", उहाँले भन्नुभयो, "यस क्षेत्रमा पर्यटकीय पूर्वाधार विस्तार गर्न सबै बाह्य पर्यटकको रोजाइमा पनि पर्ने थियो।" देवचुली डाँडाबाट दक्षिणतर्फ नारायणी नदी, पूर्व–पश्चिम राजमार्ग छेउका घना बस्ती, चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रसहित समथर भूभाग सहजै अवलोकन गर्न सकिने अधिकारीले जानकारी दिनुभयो । पूर्वाधार विस्तारसँगै पर्यटन प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्न सकिने उहाँले धारणा राख्नुभयो ।



छोटो दूरीको पदयात्रामा रमाउनेका लागि देचवुलीडाँडा उपयुक्त गन्तव्य बन्न सक्ने कावासोतीका प्रवीन सापकोटाले बताउनुभयो । पहाडी पाखाको यात्रा, यात्रामा देखिने मनोरम दृश्यले आगन्तुकलाई आकर्षित गर्ने उहाँको भनाइ छ । एक साँझ पोखरी क्षेत्रमा रहेको घरबास (होमस्टे)मा बास बसेर मगर समुदायको स्थानीय परिकार, संस्कृतिको अवलोकन गर्न सकिने उहाँले बताउनुभयो ।

पूर्व–पश्चिम राजमार्गको दलदलेबाट करिब २० किलोमिटर उत्तर लागेपछि पोखरी पुगिन्छ । त्यसपछि पैदलयात्रा सुरू हुन्छ । पोखरी क्षेत्रमा खाने, बस्ने सुविधासहिका होटल सञ्चालनमा छन् । यहाँ घरबासको सुविधासमेत छ। कोही दलदलेबाट मुण्डे–कीर्तिपुरहुँदै देवचुलीडाँडा चढ्ने गर्दछन्। करिब तीन घण्टाको पैदलयात्रापछि देवचुलीडाँडा पुग्न सकिन्छ ।

देवचुलीडाँडा जाने अधिकांश पोखरीहुँदै जाने देवचुली–६ का वडाध्यक्ष सोतीले बताउनुभयो। यो मार्ग हुँदै जाँदा ठाडो उकालो कम पर्ने हुनाले अधिकांशले यही मार्ग प्रयोग गर्ने उहाँको भनाइ छ । "यो मार्ग भएर जानेहरू अघिल्लो साँझ बोझा पोखरी पुग्ने गर्दछन् । यहाँ घरबाससमेत रहेकाले राति घरबासमा बस्ने, पहाडका स्थानीय परिकार खाने, सांस्कृतिक कार्यक्रममा रमाइलो गर्ने र बिहान पैदलयात्रामा निस्कने गर्दछन् । पदयात्राका क्रममा बीचमा केही होटलहरू पनि छन्", उहाँले भन्नुभयो ।

देवचुली डाँडामा प्राकृतिक गुफा, तीन कन्यामाईको मन्दिर, भ्यू टावरलगायत संरचना निर्माण गरिएको वडाध्यक्ष सोतीले जानकारी दिनुभयो । परापूर्वकालमा यहाँ पाँच पाण्डव गुप्तबास बसेका किंबदन्तीसमेत रहेको उहाँले बताउनुभयो । थारू समुदायले प्रत्येक वर्ष चैत पूर्णिमाका दिन देवचुली डाँडामा विशेष पूजा गर्दछन् । सो दिन डाँडामा मेलासमेत लाग्ने गर्दछ। यहाँ पूजा गर्नाले आफ्नो कूलमा सुख, सम्वृद्धि प्राप्त हुने जनविश्वास थारू समुदायमा छ ।

पछिल्लो समयमा यो क्षेत्र प्रमुख पर्यटकीय गन्तव्यका रूपमा चिनिँदै गएको वडाध्यक्ष सोतीले बताउनुभयो । अहिले विभिन्न ठाउँबाट यहाँ आउने आन्तरिक पर्यटक बढेका भन्दै दैनिक ३० जनासम्मले डाँडा चढ्ने गरेका उहाँले जानकारी दिनुभयो ।

देवचुलीडाँडा पदयात्राको गन्तव्य बन्दै जाँदा पोखरी, कुमसोत, कीर्तिपुर क्षेत्रमा चहलपहल बढेको उहाँले बताउनुभयो । यस क्षेत्रमा थप पर्यटकीय पूर्वाधार विकास गर्दै पर्यटन प्रवर्द्धनका माध्यमबाट स्थानीयको आयआर्जन बढाउने योजनामा नगर र वडा कार्यालय रहेको उहाँले उल्लेख गर्नुभयो ।


## समयमै बसाइँसराइ दर्ता गरौं ।

**बसाइँ सरेर जाँदा चाहिने कागजातहरू :**

- लगत हस्तान्तरण फाराम,
- बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरू :**

- लगत हस्तान्तरण फाराम,
- सूचकको नागरिकता ।

**सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइँ सराइको दर्ता गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**Krishna Sharma**
x.com/kps_baglung

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले शेरबहादुर केपी ओली, पुष्पकमल, आरजु, दीपक खड्का, जयवीरसिंह र भूषण राणाको सम्पत्ति छानबिन सुरू गरेको छ । आरोपितको विवरण माग्दै ४ निकायमा पत्र पठाएकोमा अहिलेसम्म राष्ट्र बैंक बाहेक विवरण नदिनेमा भूमि व्यवस्थापन तथा अभिलेख विभाग, कम्पनी रजिस्ट्रार कार्यालय र नेपाल धितोपत्र बोर्ड छन् ।



**Dil Nisani Magar**
x.com/dil_nisani

ज्योती मगरले साँप्रा देखाउदा २/४ जना केटा उत्तेजित भएर नाच्छन्। त्यस बाहेक देशलाई कुनै खतरा हुँदैन। बरू आयोजकले राम्रै व्यापार गर्छन्। तर बालेनहरूले गोटी खाएर जे पायो त्यही लेख्दा यो देश खरानी हुन एक दिन पनि लाग्दैन। त्यसकारण को नाङ्गो छ र को सभ्य छ, लुगा लगाएको देखेर थाहा हुँदैन ।



**बाबाजी**
x.com/baabajee

निर्वाचनमा चानचुन १० सिटभन्दा माथि जित्नेगरी एउटा पार्टी खोलेर देशभरको नेटवर्कमा चलाउन चानचुन १०० करोड त चाहिएला केन्द्र सहित ७७ जिल्लामा पार्टी अफिस, अफिसका कर्मचारी, चुनावी क्याम्पेन खर्च, सञ्चालन खर्च आदि आदि जोडजाड पार्दा ! पछिल्लो १५ दिनमा मात्रै १५ भन्दा बढी पार्टी खुलेको जस्तो समाचारतिर देखिन्छ! यस अघि नै डेढसय हाराहारीमा पार्टीहरू छन् !
यो देशको अर्थतन्त्र दल अर्थतन्त्रबाट सबल अर्थतन्त्रतिर जाने चैं कहिले हो?

# मनास्लु क्षेत्रबाट अलपत्र पर्यटकको उद्धार

**भञ्ज्याङ समाचारदाता**/गोरखा

गोरखाको मनास्लु क्षेत्रबाट अलपत्र पर्यटकको उद्धार गरिएको छ। उक्त क्षेत्रबाट आज ११० पर्यटकको उद्धार गरिएको छ। घाइते, बिरामी तथा खराब मौसमका कारण गन्तव्यतर्फ जान नसकेका पर्यटकको उद्धार गरिएको हो। "मौसम खुल्नासाथ उद्धार कार्य सुरू गरेका थियौं", निमित्त प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले भन्नुभयो, "पाँच हेलिकोप्टरमार्फत पर्यटकको उद्धार गरियो । जसमध्ये ८५ प्रतिशत विदेशी पर्यटक थिए ।"

मौसम सफा भएसँगै केही पर्यटक लार्केपास गरी मनाङ झरेका छन् । केही भने आरूघाटतर्फ फर्कँदै गरेका सहायक प्रजिअ बरालले जानकारी दिनुभयो। एकदुई दिनभित्रमा उद्धारकार्य सम्पन्न हुने उहाँको भनाइ छ। आज मौसम खुलेपछि गाउँपालिका, मनास्लु संरक्षण क्षेत्र आयोजना, होटल व्यवसायी उपसमिति, स्थानीय युवा मिलेर बाटो खोल्ने काम गरिरहेका चुमनुब्री गाउँपालिका–१ साम्दोका पर्यटन व्यवसायी निमा दोर्जे लामाले बताउनुभयो। उनीहरू गत मङ्गलबारदेखि परेको हिमपातले ढाकिएका र पहिरोले पुरिएका बाटो सफा गर्न गएका उहाँले जानकारी दिनुभयो ।

"आज कतिपय पैदलमार्फत आरूघाटतर्फ झरे। बिरामी, अशक्तलाई हेलिकोप्टरबाट उद्धार गरियो । तीन सय ८० जना भने साम्दोबाट लार्केपास गर्न धर्मशालातर्फ गएका छन् । उनीहरू लार्केपास गरेर मनाङ झर्छन्", पर्यटन व्यवसायी लामाले भन्नुभयो । साम्दोमा पर्यटक आउने क्रम नरोकिएको उहाँको भनाइ छ । यो याममा (भदौ १६ देखि कात्तिक १५ सम्ममा) छ हजार ४१४ पर्यटकले मनास्लु क्षेत्रको भ्रमण गरेका मनास्लु संरक्षण क्षेत्र आयोजनाको तथ्यांकमा उल्लेख छ । हाल उक्त क्षेत्रमा सयौं पर्यटक रहेका छन् ।

### तातोपानीबाट ३५ पर्यटकको उद्धार

गोरखाको तातोपानी क्षेत्रमा अलपत्र परेका ३५ स्वदेशी तथा विदेशी पर्यटकको उद्धार गरिएको छ । धार्चे गाउँपालिका–३ तातोपानीबाट नेपाली सेना र सशस्त्र प्रहरीको संयुक्त टोलीले २० विदेशी र १५ नेपाली पर्यटकको सकुशल उद्धार गरेको सशस्त्र प्रहरी बलका केन्द्रीय प्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो । उनीहरू सामागाउँबाट माछीखोला तर्फ आउने क्रममा पहिरोका कारण तातोपानीमा अलपत्र परेका हुन् । पर्यटक अलपत्र परेको जानकारी प्राप्त हुनासाथ नेपाली सेना र सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस आरूघाटबाट खटिएको टोलीले उनीहरूको उद्धार गरी माछीखोलातर्फ पठाइएको थियो । उद्धार गरिएका पर्यटकको स्वास्थ्य अवस्था भने सामान्य रहेको बताइएको छ । रासस



**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४